मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

**बी.एड./चौठौं सेमेस्टर**

विषय: सामाजिक भाषाविज्ञान (ने.पा.शि. ४६६)

---

सिम्बोल नं. ........................

**समूह 'क'** **१०x१= १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस्।**

१. "सामाजिक भाषाविज्ञानले कसले, कोसँग, कहिले, र कस्तो भाषा प्रयोग गरिरहेको छ भनी भाषाको अध्ययन गर्दछ" भनेर सामाजिक भाषाविज्ञानलाई चिनाउने विद्वान को हुन् ?
(क) हड्सन (ख) फिसम्यान
(ग) जर्ज युल (घ) पिटर

२. कुनै पनि भाषा बोल्ने भाषीले आफ्नो भाषाप्रति देखाउने बफादरितालाई के भनिन्छ ?
(क) भाषिक अवलम्बन (ख) भाषिक स्वीकरण
(ग) भाषिक अपक्षय (घ) भाषिक अपसरण

३. समुदायका सदस्यहरूले विभिन्न अवस्थामा एउटै भाषाका दुई भिन्न रूपको प्रयोग गर्ने भाषिक स्थितिलाई के भनिन्छ ?
(क) द्विभाषिकता (ख) भाषाद्वैत
(ग) भाषिक समुदाय (घ) सामाजिक भाषा

४. विशेष गरी कोड मिश्रण कसले बढी गर्दछ ?
(क) अशिक्षित समुदाय (ख) अर्धशिक्षित समुदाय
(ग) शिक्षित समुदाय (घ) सबैले समान गर्दछन्

५. भाषा नीति र योजनाको आवश्यकता किन पर्दछ ?
(क) भाषाको छनोट, विकास, संरक्षण र संवर्द्धन गर्न,
(ख) विविध सन्दर्भमा भाषा सिकाउन
(ग) अनौपचारिक भाषा प्रयोग गर्न
(घ) भाषाको आधुनिकीकरणमा जोड दिन

६. ज्ञानप्राप्तिका निम्ति माध्यम भाषाका रूपमा प्रयोग हुने भाषालाई के भनिन्छ ?
(क) समतुल्य (ख) सम्पर्क
(ग) सहायक (घ) सम्पूरक

७. भाषा आयोगका अनुसार नेपालमा भाषाको सङ्ख्या कति रहेको छ ?
(क) १३१ (ख) १२३
(ग) १२६ (घ) १२९

८. नेपालमा सबैभन्दा बढी भाषाहरू भएको दोस्रो भाषा परिवार कुन हो ?
(क) द्रविडेली (ख) भारोपेली
(ग) भोट बर्मेली (घ) आग्नेली

९. नेपालमा बोलिने सबै भाषाहरू राष्ट्रिभाषा हुन भन्ने कुन संविधानले व्यवस्था गरेको छ
(क) नेपाल अधिराज्यको संविधान २०१५
(ख) नेपाल अधिराज्यको संविधान २०४७
(ग) नेपालको अन्तरिम संविधान २०६३
(घ) नेपालको संविधान २०७२

१०. भाशाशिक्षणमा सामाजिक भाषाविज्ञानको उपयोगिता किन देखिन्छ ?
(क) भाषिक सवलीकरणमा जोड दिन
(ख) विविध सन्दर्भमा भाषा सिकाउन
(ग) औपचारिक भाषा प्रयोग गर्न
(घ) भाषाको अभ्यासमा जोड दिन

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

**बी.एड. छैटौं सेमेस्टर**

**पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा**

**उत्तीर्णाङ्क: ३०**

विषय: सामाजिक भाषाविज्ञान (ने.पा.शि. ४६६)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. सामाजिक भाषाविज्ञानको कार्यक्षेत्रका वारेमा चर्चा गर्नुहोस्।

२. भाषिक समुदाय निर्धारणका आधारहरू पहिल्याउनुहोस्।

३. भाषिक भेदका प्रमुख कारण वनाउनुहोस्।

अथवा

कोडपरिवर्तन र कोडमिश्रणको अवधारणा प्रस्तुत गर्नुहोस्।

४. वहुभाषिक मुलुकमा भाषानीति र भाषा योजनाको आवश्यकता औंल्याउनुहोस्।

५. नेपालका भाषाहरूको सामाजिक स्थितिका वारेमा उल्लेख गर्नुहोस्।

६. नेपालमा अवलम्वन गरिएको भाषानीतिको समीक्षा गर्नुहोस्।

**अथवा**

सामाजिक भाषाविज्ञानको शैक्षणिक महत्वमाथि प्रकाश पार्नुहोस्।

**समूह 'ग'** **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

७. सामाजिक भाषाविज्ञानको परिचयसहित सामाजको प्रकृति र भाषामा पर्ने त्यसको प्रभावको विश्लेषण गर्नुहोस्।

८. प्रयोजनका आधारमा भाषाहरूको वर्गीकरण गरी वर्णन गर्नुहोस्।

**अथवा**

भाषिक भेदको चर्चा गर्दै यसका भेद सिर्जनाका कारणहरू उल्लेख गर्नुहोस्।

***समाप्त***